







# जैविक विविधता एवम् कृषक-साथी सञ्जाल

## कृषि जैविक विविधता र कृषक अधिकार

**कृषिमा** आधुनिकीकरण र व्यावसायीकरणका लागि विभिन्न प्रयासहरु गरिंदै आइएको भए पनि नेपालको कृषि अझै परम्परागत प्रणालीमा आधारित छ । परम्परागत प्रणालीमै आधारित भई कृषि गरे पनि नेपालमा कृषकहरूले कृषि तथा खाद्यबालीसम्बन्धी विभिन्न ज्ञान, सीप र प्रविधिको विकास गरेका छन् । परापूर्वकालदेखि कृषकहरु कृषि व्यवसाय र बीउ सुधार एवम् विकास दुवै काममा संलग्न हुँदै आएका छन् । उनीहरूले जानेर होस् वा नजानेर नै, बढी उत्पादन दिने, रोगसँग लड्न सक्नेलगायत मौसमी हानीनोक्सानीबाट बच्न सक्ने बीउ छुट्याउँदै र विकास गर्दै आएका छन् । कृषकहरूबीच बीउ उपयोग, जगेर्ना, साटासाट र पुनर्प्रयोग हुने परम्परागत अभ्यासका कारण धेरै नयाँ प्रजातिका बालीहरूको विकास पनि भएको छ ।

वास्तवमा नेपालका मात्र होइन, विश्वभरका कृषक समुदायले यस्तै परम्परागत अधिकारको उपयोग गर्दै आफ्नो जीविका मात्रै टारेका छैनन्, कृषि जैविक विविधताको संरक्षण र विकासमा उल्लेखनीय भूमिका पनि निर्वाह गरेका छन् । तर विश्वव्यापीकरणको वर्तमान परिवेशमा बीउ सञ्चय, साटासाट र पुनर्प्रयोग गर्न पाउनेजस्ता परम्परागत कृषक अधिकारको हनन हुने सम्भावना बढ्दै गएको छ ।

यस्तो सम्भावना बढ्नुको प्रमुख कारणको बीजारोपण वास्तवमा उन्नाइसौं शताब्दीको सुरुवाततिर नै भएको हो भन्न सकिन्छ, जब उत्तर अमेरिका र यूरोपतिर कृषि र बीउ उत्पादन गर्नेहरु दुई वर्गमा छुट्टिए । फलस्वरूप कतिपय कृषकले बीउ उत्पादनको काम त्यागे भने कतिलाई सो काम गर्नबाट वञ्चित गरियो । बीउ व्यापारीकरणको







नेपाल "विविधतामा धनी" देशको रूपमा चिनिन्छ । प्राकृतिक र भौगोलिक विशेषताका कारणले मात्र होइन, आर्थिक, सामाजिक र साँस्कृतिक हिसाबले पनि नेपालको विविधता अद्वितीय छ । तर "विविधतामा धनी" नेपालका मानिस गरीब छन् । यहाँका ८६ प्रतिशत मानिस गाउँमा बस्छन् ।

यी मध्ये धेरैजसो साना कृषकका रूपमा कृषिमा संलग्न छन् र उद्योग, व्यापार, सडक, बिजुली, सञ्चार, शिक्षा, स्वास्थ्य र रोजगारजस्ता विकासका पूर्वाधार एवम् मानवीय विकासका लागि आवश्यक आधारभूत सुविधाबाट वञ्चित छन् । यी कृषकहरू व्यवसायका लागि होइन, जीविकोपार्जनका लागि खेती गर्छन् ।

त्यसैले नेपालको समग्र विकास र यहाँका मानिसहरूको गरीबी निवारण र जीविकोपार्जनको कुरा गर्दा कृषि विकासको विषयलाई संवेदनशील र महत्वपूर्ण मानिन्छ । कृषि क्षेत्रको संवेदनशीलता र महत्तालाई महसुस गर्दै विगतका केही दशकदेखि नै विकास योजनाहरूमा कृषिलाई प्राथमिक क्षेत्रको रूपमा पहिचान गरी यसको रूपान्तरण, सुधार र विकासका लागि विभिन्न नीति, नियम र कार्यक्रमहरू कार्यान्वयनमा नल्याइएको होइन ।

हाल पनि कृषि क्षेत्रको समग्र विकासका लागि दीर्घकालीन कृषि योजना र कृषि नीतिका साथै अन्य विभिन्न नीति, नियम र कार्यक्रमहरू कार्यान्वयनमा छन् । तर यस्ता प्रयासका बावजुद विभिन्न आन्तरिक र बाह्रय समस्याहरूका कारण अपेक्षित रूपमा कृषि क्षेत्रको विकास गर्न सकिएको छैन । यसको प्रत्यक्ष प्रभाव राष्ट्रको अर्थतन्त्रका साथै कृषिसँग आबद्ध लगभग ८० प्रतिशत जनताको जीविकोपार्जनमा पनि परिरहेको छ ।

यस्तो परिस्थितिमा कृषि क्षेत्रको विकासको प्रक्रियालाई कसरी अगाडि बढाउने भन्ने विषय गम्भीर छ । अहिले देशमा नयाँ प्रभावसँगै विकासोन्मुख र अल्पविकसित राष्ट्रहरूमा पनि यी दुई कामबीच विभेद आउने प्रक्रिया चलिरहेको छ । नेपालमा यस्तै परिपाटीको विकास हुने सम्भावना बढेकाले कृषक अधिकारको विषयलाई संवेदनशील रूपमा हेरिनु पर्दछ ।

उदाहरणका लागि सन् २००४ मा नेपाल सदस्य भएको विश्व व्यापार संगठन (World Trade Organization–WTO) को व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade-Related Aspects of Intellectual Property Rights–TRIPS) १९९५ ले परम्परागत रूपमा कृषि जैविक विविधताको संरक्षणमा लागेका कृषकहरूको योगदानलाई अवमूल्यन गर्दै बीउ व्यवसायमा मात्र केन्द्रित भएर काम गर्ने प्रजनकहरूको अधिकार (Breeders' Rights) को सुनिश्चितता गर्दछ । यो बाध्यकारी सम्झौता भएकाले नेपालजस्तो कृषिप्रधान मुलुकको यसमा बढी सरोकार छ । नेपालले WTO को नियम र सदस्यता लिने क्रममा गरेको प्रतिबद्धताबमोजिम कृषि क्षेत्रमा सन् २०१३ पश्चात् बौद्धिक सम्पत्तिको अधिकार लागू गर्नुपर्नेछ ।

यस्तो परिप्रेक्ष्यमा, एकातिर TRIPS ले खडा गरेका चुनौतीहरूको सामना गर्न नेपालले WTO स्तरमा हुने वार्ताहरूका लागि तयारी गर्नुपर्ने र प्रतिबद्धताबमोजिम राष्ट्रिय कानूनहरु लागू गर्नुपर्नेछ भने अर्कोतिर कृषकलगायत आदिवासी/जनजाति र स्थानीय जनताको हकहितको संरक्षणका लागि राष्ट्रले अनुमोदन गरेका अन्य अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको कार्यान्वयनमा जोड दिँदै विश्वव्यापीकरणको परिवेशमा कृषक अधिकार सुनिश्चित गर्न आवश्यक नीतिगत र संस्थागत कदमहरु अघि बढाउनु पर्नेछ ।

हालसम्म १ सय ९१ राष्ट्रहरूले अनुमोदन गरेका जैविक विविधता महासन्धि (Convention on Biological Diversity–CBD) १९९२ ले स्थानीयलगायत आदिवासी/जनजाति समुदायलाई जैविक विविधताका संरक्षकका रूपमा पहिचान गर्दै समुदायमा निहित कुनै पनि जैविक स्रोत र ज्ञानको व्यापारिक प्रयोग गर्दा पारस्परिक







राजनैतिक परिवेश छ र नेपालको समग्र विकासको प्रक्रियालाई तीव्र रूपमा अघि बढाउन राष्ट्र र राज्य व्यवस्थाकै रूपान्तरण र पुनर्संरचना के-कसरी गर्न सकिन्छ भनी विभिन्न तहमा बहसहरू भइरहेका छन् । देशको समग्र विकासमा कृषि क्षेत्रको भूमिकालाई मध्यनजर गरी कृषिका विभिन्न पक्षहरूमा पनि बहसहरू भइरहेका छन् ।

सीमित मात्रामा भए पनि यस्ता बहसहरूमा कृषिको साधनस्रोतमा कृषकको हकहित कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा छलफल हुने गरेको पाइन्छ, जसलाई सकारात्मक रूपमा नै लिनु पर्छ । तर कृषकको हकहितका विषयमा हुने यस्ता छलफल राजनैतिक परिधिभित्र सीमित रही भूमि, सिँचाई र अनुदानजस्ता पक्षमा मात्र केन्द्रित भएका देखिन्छन् । उदाहरणको लागि कृषि विकासको लागि सबैभन्दा महत्वपूर्ण साधनमध्ये एक साधन अर्थात बीउ र आनुवंशिक स्रोतको सन्दर्भमा बदलिँदो अन्तर्राष्ट्रिय परिवेशलाई ध्यानमा राखि के-कसरी कृषक अधिकारलाई कानूनीरूपमा स्थापित, संस्थागत र कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा आवश्यक गृहकार्य हुन सकेको छैन ।

वास्तवमा कृषिप्रधान मुलुकमा कृषकको हकहितको संरक्षणको विषयलाई एउटा संकुचित दायरा र सीमित परिवेशमा मात्र हेर्नु भनेको कृषकको उत्थानका लागि आवश्यक फराकिलो सोचको अभाव हो । प्रगतिशील र समृद्ध नेपालको परिकल्पनालाई साकार बनाउने हो भने कृषकको हकहितको विषयलाई मुलुकको राजनैतिक परिवेशमा मात्र होइन, दुरदर्शिताका साथ बदलिँदो आर्थिक, व्यापारिक, सामाजिक र साँस्कृतिक परिवेशमा पनि हेरिनु पर्दछ ।

त्यसैले कृषि विकास र कृषकको हकहितको संरक्षणका लागि के कसरी "कृषक अधिकार" लाई कानूनीरूपमा स्थापित, संस्थागत र कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा बहस गरी आवश्यक र उपयुक्त रणनीतिहरू बनाउन आवश्यक छ ।



सम्झौता (Mutually Agreed Terms) मा आधारित भई सरकार र समुदायसँग पहुँच र लाभको बाँडफाँड (Access and Benefit Sharing) तथा पूर्व सुसूचित सहमति (Prior Informed Consent) सम्झौता गर्नुपर्ने व्यवस्था गरेको छ । तर अनुमोदन गरेका राष्ट्रहरूले त्यस्ता प्रावधानलाई कार्यान्वयन गर्न राष्ट्रिय कानून बनाउनु पर्दछ । नेपालले CBD लाई सन् १९९३ मा अनुमोदन गरेको थियो ।

त्यसै गरी अगाडि चर्चा गरिएजस्तै WTO को सदस्यको हैसियतले नेपालले ल्याउनु पर्ने मौलिक पद्धति (*sui generis*) को बिरूवाको जात संरक्षण (Plant Variety Protection) कानूनमा के-कसरी कृषक अधिकारलाई व्यवस्थित गर्न सकिन्छ भनी कृषि तथा सहकारी मन्त्रालयलगायत अन्य सरोकारवालाहरूले गृहकार्य गर्नुपर्ने देखिन्छ ।

यसबाहेक खाद्य र कृषिजन्य वनस्पतिको आनुवंशिक स्रोतमा मात्र केन्द्रित रहेको अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture–ITPGRFA) २००१ लाई पनि नेपालले सन् २००७ मा अनुमोदन गरिसकेको छ । खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतमा बहुपक्षीय प्रणाली (Multilateral System) बाट पहुँच र लाभको बाँडफाँडको व्यवस्था गर्ने उक्त सन्धि कृषक अधिकारबारे उल्लेखनीय रूपमा चर्चा गर्ने पहिलो अन्तर्राष्ट्रिय सन्धि हो । त्यसैले नेपालले यस सन्धिलाई पनि कृषक अधिकारको संरक्षणका साथै कृषि विकास र खाद्य सुरक्षाका लागि उपयोग गर्न प्रशस्त तयारीहरु गर्नुपर्ने छ ।

यसरी CBD, TRIPS र ITPGRFA तीनै कृषकहरूसँग सरोकार राख्ने अन्तर्राष्ट्रिय सम्झौताहरूमा हस्ताक्षर गरे पनि तिनमा निहित प्रावधानहरूलाई मुलुक र यहाँ बसोबास गर्ने स्थानीय कृषक र आदिवासी/जनजाति समुदायको हितमा लागू गर्न नीति र कानून निर्माण प्रक्रियामा मात्र होइन, सचेतना र जनजागरण, संस्थागत सशक्तीकरण, जैविक विविधता दर्ता र अभिलेखीकरण आदि विभिन्न क्षेत्रमा व्यापक कार्यहरु गर्नुपर्ने देखिन्छ ।

## कृषक अधिकार कार्यान्वयनका लागि परियोजना

जैविक विविधता र बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय परिवेशका सरोकारहरूलाई मध्यनजर गरी ली-बर्ड (Local Initiatives for Biodiversity Research and Development–LI-BIRD), पोखरा र सावती (South Asia Watch on Trade, Economics & Environment–SAWTEE), काठमाडौंको संयुक्त पहलमा Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal नामक ३ वर्षे परियोजना सन् २००७ नोभेम्बरदेखि सुरु गरिएको छ । अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (International Development Research Centre–IDRC), क्यानडाको सहयोगमा कार्यान्वयनमा आएको यो परियोजनाअन्तर्गत ली-बर्डको नेतृत्वमा संखुवासभा, धादिङ, चितवन, बारा र कास्की गरी ५ जिल्लामा स्थानीय गतिविधि र कार्यक्रमहरु लागू भइरहेका छन् भने सावतीको नेतृत्वमा नीतिगत गतिविधि र कार्यक्रमहरु लागू गरिएका छन् ।





## जैविक विविधता एवम् कृषक-साथी सञ्जाल

लिबर्ड र सावतीको यसै परियोजनाअन्तर्गत जैविक विविधता एवम् कृषक-साथी सञ्जालको स्थापना गरिएको छ । सरकारी निकाय, गैर-सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था, राजनीतिक पार्टी र भातृ संगठन, अनुसन्धानमूलक संस्थाहरु, युवा नेता, युवा संस्था, आदिवासी/जनजाति संस्था, लैङ्गिक विज्ञलगायत पत्रकार र सञ्चारकर्मीहरूको सक्रिय सदस्यता र संलग्नताका साथ यस सञ्जालले कृषि जैविक विविधताको अन्तर्राष्ट्रिय व्यापार र बौद्धिक सम्पत्तिको अधिकारको सन्दर्भमा कृषक अधिकारसम्बद्ध अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय संयन्त्र र विषयहरूमा आवधिक रूपमा छलफलका साथै वृहत् बहस सञ्चालन गरिरहेको छ । कृषक अधिकारका क्षेत्रमा काम गरेका अन्य संघ-संस्थालगायत यस क्षेत्रसँग सरोकार राख्ने व्यक्तिहरु सञ्जालको सदस्य बन्न सक्नु हुनेछ ।

## जैविक विविधता एवम् कृषक-साथी सञ्जालसम्बन्धी थप जानकारी र प्रतिक्रियाका लागि


**काठमाडौंमा**
कमलेश अधिकारी, दर्शन कार्की
सावती (South Asia Watch on Trade, Economics & Environment–SAWTEE)
पो.ब.नं. १९३६६, २५४ लामटाङ्गिन मार्ग, बालुवाटार, काठमाडौं
फोनः ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०
ईमेलः kamalesh.adhikari@sawtee.org, darshan.karki@sawtee.org
वेबः www.sawtee.org

**पोखरामा**
बिमल रेग्मी, विकास पौड्याल
ली-बर्ड (Local Initiatives for Biodiversity Research and Development–LI-BIRD)
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोनः ६१-५३५३५७, ५२६८३४, फ्याक्सः ६१-५३९९५६
ईमेलः bregmi@libird.org, bpaudyal@libird.org
वेबः www.libird.org


SAWTEE — SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावतीको स्थापना १९९४ मा दक्षिण एशियाका गैर-सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले खडा भएको क्षेत्रीय सञ्जाल हो । दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाहरू सदस्य रहेको सावतीले विश्वव्यापीकरण र उदारीकरणको सन्दर्भमा जैविक विविधता, बौद्धिक सम्पत्ति अधिकार र कृषक अधिकारजस्ता विषयवस्तुमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

LI-BIRD

वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) कृषि, जैविक विविधता र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनको क्षेत्रमा काम गर्ने एक गैर-सरकारी संस्था हो । ली-बर्ड नविकरणीय प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापन गरी जनताको जीवनयापनमा सुधार ल्याउन गरिने स्थानीय पहललाई मूलप्रवाहमा ल्याउन कटिबद्ध छ । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थाहरू देखि राष्ट्रिय र अन्तर्राष्ट्रिय, सरकारी तथा गैर-सरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका ४० जिल्लामा यो संस्था कार्यरत छ ।